त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुतु, खारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गाउँकार्यपालिका बैठक क्रम संख्या: ३३
बैठक मिति: २०८१।०९।२६
बैठक स्थान: सिम्रुतु खारानेटा
बैठकको अध्यक्षता: गणेश कुमार के.सी.

यस त्रिवेणी गाउँकार्यपालिकाको बैठक देहाय बमोजिम कार्यपालिका संदस्यहरूको उपस्थितिमा बसी, तपशिल बमोजिमका प्रस्तावहरूमा छलफल/अन्तरक्रिया/समिक्षा तथा निर्णय पारित गरियो।

उपस्थिति:

| सि.नं. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | गणेश कुमार के.सी. | अध्यक्ष (गाउँपालिका अध्यक्ष) | | |
| २ | राजकुमारी रेउले | सदस्य (गाउँपालिका उपाध्यक्ष) | | |
| ३ | सुन्दर ओली | सदस्य (१ नं. वडाध्यक्ष) | | |
| ४ | मोतिराम पुन | सदस्य (२ नं. वडाध्यक्ष) | | |
| ५ | दिपेन्द्र कुमार ओली | सदस्य (३ नं. वडाध्यक्ष) | | |
| ६ | नन्नराम बाँठा | सदस्य (४ नं. वडाध्यक्ष) | | |
| ७ | रण बहादुर पुन | सदस्य (५ नं. वडाध्यक्ष) | | |
| ८ | भद्र बहादुर सिर्पाली | सदस्य (६ नं. वडाध्यक्ष) | | |
| ९ | धन बहादुर खड्का | सदस्य (७ नं. वडाध्यक्ष) | | |
| १० | नन्दराम खड्का | सदस्य (८ नं. वडाध्यक्ष) | | |
| ११ | हरि बहादुर खड्का | सदस्य (९ नं. वडाध्यक्ष) | | |
| १२ | शेरमान खड्का | सदस्य (१० नं. वडाध्यक्ष) | | |
| १३ | जनक कुमार विश्वकर्मा | गाउँ कार्यपालिकासदस्य | | |
| १४ | लक्ष्मण कामी | गाउँ कार्यपालिकासदस्य | | |
| १५ | प्रेमा ओली | गाउँ कार्यपालिकासदस्य | | |
| १६ | चाँदनी पुन | गाउँ कार्यपालिकासदस्य | | |
| १७ | विष्णु सुनार | गाउँ कार्यपालिकासदस्य | | |
| १८ | देवकुमारी वुढाथोकी | गाउँ कार्यपालिकासदस्य | | |
| १९ | यज्ञ बहादुर भण्डारी | गाउँ कार्यपालिका सचिव एवं प्रमुख प्रशासकिय अधिकृत | | |

यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

गणेश कुमार के.सी.
अध्यक्ष

## कर्मचारी तथा अन्य उपस्थितिः

| सि.नं. | नाम, थर | पद/ठेगाना | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रेम बहादुर पुन | स्वास्थ्य संयोजक | | |
| २ | श्री अमर बहादुर पुन | योजना शाखा प्रमुख | | |
| ३ | श्री दिपक कंडेल | अमिन (राजस्व शाखा प्रमुख) | | |
| ४ | श्री चन्द्रलाल डाँगी | प्रशासन शाखा | | |
| ५ | श्री जय बहादुर थापा | लेखा शाखा | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमृत, बाफिकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गणेश कुमार के.सी.
अध्यक्ष

३३ औं बैठक

कार्यपालिका बैठक मितिः २०८१।०९।२६

# प्रस्तावहरु

१. त्रिवेणी गाउँपालिकाको आवधिक गाउँ शिक्षा योजना स्वीकृत गर्ने सम्बन्धमा।

२. असाधारण विदा स्वीकृत गर्ने सम्बन्धमा।

३. गाउँपालिकाको संगठन तथा व्यवस्थापन संरचना (O & M) तयार गर्ने सम्वन्धमा।

४. त्रिवेणी चक्रपथको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयार गर्ने सम्बन्धमा।

५. अर्धवार्षिक प्रगति समिक्षा गर्ने सम्बन्धमा।

६. बजेट, योजना तथा कार्यक्रम संशोधन सम्बन्धमा।

७. योजना माग गर्ने सम्बन्धमा।

८. विविध सम्बन्धमा।

(क) सडक डिभिजन कार्यालयलाई अनुरोध गर्ने सम्बन्धमा।

(ख) डिजाइन परिवर्तन गर्न अनुरोध गर्ने सम्बन्धमा।

यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुत, खारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गणेश कुमार के.सी.
अध्यक्ष

# निर्णयहरु

निर्णय नं. १– त्रिवेणी गाउँपालिकाको आवधिक गाउँ शिक्षा योजना (२०८१-२०९०) तयार गर्न गाउँपालिकाको विभिन्न विषयगत समिति योजना निर्माण कार्यदल लेखन उपसमितिमा योजनाको विषयमा छलफल गरी आवधिक गाउँ शिक्षा योजनाको प्रस्तावित मस्यौदा कार्यपालिकाको बैठकमा पेश हुन आएकोमा दफावार छलफल समेत भइसकेको हुँदा अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय पारित गरियो।

निर्णय नं. २– यस त्रिवेणी गाउँपालिका अन्तरगत मुरु स्वास्थ्य चौकीमा कार्यरत सि.अ.न.मि. श्री सीता पुन (क.सं.नं. १८०६६५) ले घरायसी कारण कार्यालयमा नियमित रुपमा उपस्थित भई सेवा गर्न असमर्थ भएकोले एक वर्षको लागी असाधारण विदा स्वीकृत गरिदिनुहुन भनि यस गाउँपालिका कार्यालयमा निवेदन पेश गर्नुभएकोमा कर्णाली प्रदेश सरकारवाट स्वीकृत भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को परिच्छेद-१३, नियम ८८ को उपनियम (१) मा भएको व्यवस्था बमोजिम मिति २०८१ माघ १ गते देखि लागु हुनेगरी एक वर्षको असाधारण विदा स्वीकृत गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ३– त्रिवेणी गाउँपालिका रुकुम पश्चिमको समग्र संगठन तथा व्यवस्थापन सर्वेक्षण **(O&M Survey)** प्रतिवेदन तयार गरी चुस्त र दुरुस्त संगठन संरचना निर्माण गरेर गुणस्तरीय सेवा प्रवाह गर्नका लागी परामर्शदाता फर्म छनौट गरी छनौट भएको फर्मसँग संझौता गरेर **(O&M Survey)** प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यापालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय पारित गरियो।

निर्णय नं. ४– त्रिवेणी गाउँपालिका रुकुम पश्चिमको त्रिवेणी चक्रपथ अन्तरगत नुवाकोट भेरिपोखरा खुरखुरे झुल्नेटा कुरल खुम्चेरी लाइत जिवाङ सडक खण्ड स्तरोन्नतिका लागी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन **(IEE)** प्रतिवेदन तयार गरी संघीय सरकार समपुरक अनुदानका लागी पेश गर्न परामर्शदाता फर्म छनौट गरी छनौट भएको फर्मसँग संझौता गरेर **(IEE)** प्रतिवेदन तयार गरी कार्यपालिका बैठकमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यापालिकाको कार्यालयलाई अख्तियारी दिने निर्णय पारित गरियो।

निर्णय नं. ५– त्रिवेणी गाउँपालिका रुकुम पश्चिमका विभिन्न शाखाहरुवाट चालु आर्थिक वर्ष २०८१/०८२ मा संचालन भए गरेका योजना तथा कार्यक्रम र सेवा प्रवाह र राजस्व संकलन संकलन सम्बन्धी कार्यको अर्धवार्षिक प्रगति समिक्षा प्रतिवेदन आगामी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत सवै शाखा प्रमुखहरुलाई निर्देशन दिने निर्णय पारित गरियो।

यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमृत्, खारानेटा रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७३

गणेश कुमार के.सी.
अध्यक्ष

CamScanner